# मधेश प्रदेशका युवाहरूको साझा मागपत्र

*Madhesh Based Youth Charter of Demand*

दलित सरोकार मञ्च नेपाल
स्था. २०७२
कञ्चनरूप न.पा.८ कंचनपुर, सप्तरी

Kayapalat
An Effort for change

# मधेश प्रदेशका युवाहरूको साझा मागपत्र

**प्रकाशक :** कायापलट

**सहयोग :** Foreign, Commonwealth & Development Office **(FCDO)** and National Democratic Institute **(NDI)**

**प्रकाशन मिति :** १० मार्च २०२६

**संङ्ख्या :** १००

**सर्वाधिकार :** @ कायापलट

**सम्पादन :** दिवाकर उप्रेती र बरूण बस्याल

## क. पृष्ठभूमी

यो ऐतिहासिक मागपत्र मधेश प्रदेशका आठवटै जिल्लाहरू: सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका युवा प्रतिनिधिहरूको अर्थपूर्ण सहभागितामा सामूहिक छलफलको एकिकृत दस्तावेज हो।

यस दस्तावेजको तयारीको कार्यविधि तीन फरक र परिस्कृत रुपमा गरिएको थियो । जसमा दुई सँस्था दलित सरोकार मञ्च र कायापलटले संयुक्त रुपमा समस्याहरुलाई रुख विश्लेषण (Problem Tree Analysis), वोर्ल्ड क्याफे मोडल (World Cafe Model) र परिस्थिती विश्लेषण (PESTLE)को माध्यमबाट पालिका, क्लस्टर तह, उप-प्रादेशिक संवाद र प्रदेश स्तरीय कार्यशालाद्धारा सम्पन्न गरिएको थियो। यो मागपत्र  मधेश प्रदेशका युवाहरूबाट आएको सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतीक विकास र अर्थपूर्ण सहभागिताको मार्गचित्र हो।

हामीले शिक्षा, स्वास्थ्य, लोकतान्त्रिक सहभागिता, कृषि, समावेशीकरण, सुशासन, आर्थिक आत्मनिर्भरता, सामाजिक न्याय र वातावरणीय दिगोपनालाई मुख्य स्तम्भ मानेर विशिष्ट (Specific), मापनयोग्य (Measurable), प्राप्त गर्न सकिने (Achievable), सान्दर्भिक (Relevant) र समयबद्ध (Time-bound) सुधारका मागहरू अघि सारेका छौं। यो मागपत्र नवपुस्ता (Gen-Z) पुस्ताको ऊर्जा, परिवर्तनको आशा, वैदेशिक पलायनको पीडा र निर्वाचन पश्चातको अवसरलाई नीतिगत रूपान्तरणमा बदल्ने सामूहिक मागपत्र हो।

## ख. हामी को हौं ?

यो दस्तावेज मधेश प्रदेशका युवाहरुको पहलमा निर्वाचन पश्चात नेतृत्वदायी भूमिकामा रहेका तथा सम्हाल्न तयार जन-प्रतिनिधिहरूलाई युवाका मुद्दाहरु सम्बोधनका निम्ती तयार गरिएको हो। हामी युवाहरु भविष्य निर्माणका लागि वर्तमानमा 'मधेशका साझा विकास र राजनीतिक प्रतिवद्धता'का लागि एउटै थलोमा उभिएका छौं।

यस मागपत्रले मधेशको विविधतालाई आत्मसात गर्दै अपाङ्गता भएका व्यक्ति, महिला, दलित, मुस्लिम, सीमान्तकृत तथा अल्पसंख्यक समुदायका १८ देखि ३५ वर्ष मुनिका युवाहरूको ५० प्रतिशतभन्दा बढी अर्थपूर्ण र सक्रिय प्रतिनिधित्व गरेको छ।

युवा ऊर्जालाई केवल 'चुनावी मतदाता' वा 'पार्टीका कार्यकर्ता'मा मात्र सीमित नराखि उनीहरुको नीतिनिर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित्ताको लागि यस दस्तावेज आधारशीला रहने विश्वास लिएका छौँ। हामी युवा नीति निर्माता, रोजगारदाता, र विकासका जिम्मेवार साझेदारका रूपमा यो मागपत्रलाई प्रस्तुत गर्दछौं। हामी व्यक्तिगत, सामाजिक र राजनीतिक स्वार्थभन्दा माथि उठेर मधेशका युवाहरुको अर्थपूर्ण सहभागिता, न्यायोचित पहुँच, आर्थिक समृद्धि, सामाजिक न्याय र राजनीतिक सुशासनका लागि साझा 'एजेन्डा' मा सहकार्य गर्न प्रतिवद्ध छौं।

## ग. यो मागपत्र किन ?

नेपालमा वर्षौंदेखि उपेक्षामा रहेका युवापुस्ताका भावना सम्बोधन हुन नसक्दा २०८२ भदौ २३ र २४ गते विकसित घटनाक्रम पश्चात युवाहरूबिचको अन्यौलता र अपेक्षालाई सम्बोधन गर्नका लागि उभिएका छौं।

विगतमा भएका राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक परिवर्तन र आन्दोलनहरुलाई राज्यले संस्थागत गर्न नसक्दा उत्पन्न भएको नवपुस्ता (जेन-जी)को आन्दोलनले युवाका मागहरु प्रष्फुटन गऱ्यो । यस नवपुस्ता (जेन-जी) पुस्ता अन्य पुस्ताभन्दा प्रविधिका पहुँच र सम-सर्गमा हुर्किरहँदा राज्यमा शासन र प्रशासनबाट उपलब्धिमूलक शुसासन प्रदान हुन नसक्दा युवाहरुका माग विविधता पूर्ण रुपमा उठान भएको हो ।
त्यसैले यस मागपत्र जारी गर्नुपर्ने मुख्य आधारहरू निम्न छन् :

१. **संकटपूर्ण वर्तमान :** मधेशका युवाहरू हाल चरम बेरोजगारी, आर्थिक अवसरको कमी, वैदेशिक पलायनको बाध्यता र गुणस्तरीय शिक्षा तथा सीपमूलक तालिमको अभावबाट पछाडी पारिएका छन्।

२. **राजनीतिक सहभागिता:** राजनीतिक दलभित्र व्याप्त वंशवाद/कृपावाद (Dynasty/Favoritism), नातावाद, अपारदर्शिता र अस्वस्थ प्रतिस्पर्धाले गर्दा योग्य र इमानदार युवाहरू निर्णायक तहमा पुग्न सकेका छैनन्। राजनीतिक दलद्वारा शासन प्रक्रियामा युवाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित छैन् ।

३. **सामाजिक र आर्थिक दबाब:** सामाजिक कुरीति, दाइजो र बालविवाह, जातीय र लैंगिक विभेद तथा परिवार/समाजबाट राजनीतिक समर्थनको अभावले युवाहरूको नेतृत्व क्षमता कमी आएको छ।

४. **प्रयोग मात्रको प्रवृत्ति:** युवाहरूलाई केवल चुनावी प्रचार-प्रसार, प्रदर्शन र भीड जम्मा गर्ने 'उपकरण'-का रूपमा मात्र प्रयोग गर्ने तर नीति निर्माणमा 'बहिष्करण' गर्ने प्रवृत्ति हाबी छ।

५. **वातावरणीय चुनौती:** मधेशको मेरुदण्ड मानिने चुरेको दोहन र बढ्दो मरुभूमिकरणले युवालगायत भविष्यका पुस्तालाई संकटमा पारेको छ।

तसर्थ, यी चुनौतीहरूलाई अवसरमा बदल्न र युवापुस्ताले खोजेको जस्तो सम्मुन्नत समाज निर्माण गर्नका लागि मधेश प्रदेशका जिल्लाहरुमा गरिएको छलफलहरुबाट विस्तृत सुधारको मार्गचित्र तयार गरेका छौं।

## घ. प्रमुख साझा विषयगत मुद्दाहरू

| गैर-राजनीतिक युवाहरूको मुद्दाहरू | राजनीतिक युवाहरूको मुद्दाहरू |
|---|---|
| जिवनउपयोगी , रोजगारमूलक र गुणस्तर शिक्षामा कमी | राजनीतिक दलमा युवा सहभागिता र नेतृत्व हस्तान्तरणको कमी |
| स्वास्थ्यसेवाको पहुँच र गुणस्तरमा कमी | आर्थिक सुरक्षा, स्वरोजगार र वैदेशिक पलायन |
| जीविकोपार्जन, रोजगारी, र आर्थिक अवसरहरूको कमी | राजनीतिक शिक्षा र संस्थागत नेतृत्व प्रशिक्षणमा कमी |
| सांस्कृतिक विविधतामा सामाजिक सद्भावको कमी र सामाजिक न्यायको अनिश्चित्ता | राजनीतिक शुद्धीकरण र स्वस्थ प्रतिस्पर्धा |
| शासन, जवाफदेहिता र सार्वजनिक सेवा प्रवाह प्रभावकारीतामा कमी | राजनीतिक स्वतन्त्रता र आलोचनात्मक चेतको कमी |
| डिजिटल सुरक्षा र सार्वजनिक सुरक्षाको बढ्दो चूनौती | सामाजिक-पारिवारिक समर्थन र सकारात्मक छविको कमी |
| कृषिको बजारीकरणको कमी, जलवायु र वातावरणमा ह्रास | मर्यादित युवा परिचालन र स्वच्छ निर्वाचनको चूनौती |
| समावेशी पूर्वाधार र विकासको अपर्याप्तता | सामाजिक न्याय, समावेशीकरण र वातावरणीय दिगोपनाको कमी |
| युवा सहभागिता र खेलकुद विकासमा अपर्याप्तता | |

## ङ. गैर-राजनीतिक युवाहरूको मागहरू

| मुद्दाहरु | मागहरु | जिम्मेवार निकाय |
|---|---|---|
| शिक्षामा जिवनउपयोगी, रोजगारमूलक र गुणस्तरमा कमी | • कुनै पनि अतिरिक्त शुल्क र शुल्क बिना नि:शुल्क, गुणात्मक र समान शिक्षाको ग्यारेन्टी हुनुपर्छ।<br>• व्यावहारिक, प्रयोगात्मक र विज्ञानमा आधारित शिक्षा हुनुपर्छ।<br>• विद्यालयहरूमा पुस्तकालय, विज्ञान, कम्प्युटर र ICT प्रयोगशालाहरूको उपलब्धता हुनुपर्छ। | स्थानीय/प्रदेश/संघीय सरकारहरू, शिक्षा मन्त्रालय<br>विद्यालय व्यवस्थापन समिति, स्थानीय सरकार र शिक्षा मन्त्रालय<br>शिक्षा मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालय |
| स्वास्थ्यसेवाको पहुँच र गुणस्तर | • राजनीतिक हस्तक्षेपको अन्त्य हुनुपर्छ । स्वास्थ्यका सुविधाहरू बढाउनुपर्छ भने चिकित्सा स्टक सुनिश्चित गर्नुपर्छ र लोक सेवा आयोगबाट (PSC) द्वारा रिक्त दरबन्दीमार्फत पदपूर्ती गरिनुपर्छ।<br>• स्वास्थ्य बीमाको बारेमा स्वास्थ्य शिक्षा जागरूकता प्रदान गर्नुपर्छ।<br>• स्वास्थ्यको बारेमा स्वास्थ्य शिक्षा (जागरूकता/प्रजनन स्वास्थ्य शिक्षा), मानसिक स्वास्थ्य समस्याहरूको बारेमा जागरूकता बढाउनुपर्छ ।<br>• पर्याप्त प्रसूति केन्द्र। इजाजतपत्र प्राप्त कर्मचारीहरूलाई लापरवाहीको लागि सजाय। सबै प्रसूति केन्द्रहरूमा रक्त बैंक स्थापना गर्ने | लोक सेवा आयोग (PSC), स्थानीय/प्रान्तीय/संघीय सरकारहरू, र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>स्थानीय/प्रदेश/संघीय सरकारहरू, जिल्ला स्वास्थ्य कार्यालयहरू<br>स्थानीय स्वास्थ्य सेवा केन्द्रहरू<br>स्थानीय/प्रादेशिक - अस्पतालहरूको जिम्मेवारी |
| जीविकोपार्जन, रोजगारी, र आर्थिक अवसरहरूको कमी | • सीपमा आधारित तालिम व्यवस्थापन, शैक्षिक संस्थाहरूको स्थापना, नीतिहरूको निर्माण, र उनीहरूको सीप कार्यान्वयन र प्रदर्शन गर्ने प्लेटफर्म।<br>• उद्योगहरूको स्थापना, नयाँ व्यवसायीहरूलाई प्राथमिकता दिन र समान अवसरहरू प्रदान गर्न निजी लगानीकर्ताहरूको प्रभाव।<br>• सीपको आधारमा सही ठाउँमा सही व्यक्तिले पाउने अवसरको सुनिश्चित्ता गर्नुपर्छ । कर्मचारीहरुलाई नियुक्ति र बर्खास्त गर्ने खालको बार्षिक सम्झौता गर्ने भने १० वर्षको कार्य अवधि बीच नियुक्ति र बर्खास्तको आधारमा नवनियुक्त कर्मचारीहरूलाई कुनै पनि सुविधा बाँडफाँड गरिनु हुँदैन। | स्थानीय प्रतिनिधिहरू, गैरसरकारी संस्थाहरू, स्थानीय सरकार, संयुक्त राष्ट्र संघ<br>लगानीकर्ता, राजनीतिक नेताहरू, र सरकारका तीन तह।<br>नेपाल सरकारसँग सम्बन्धित निकाय र लोक सेवा आयोग। |
| सांस्कृतिक विविधतामा सामाजिक सद्भावको कमी र सामाजिक न्यायको अनिश्चित्ता | • प्रत्येक नगरपालिकामा OCMC स्थापना गरिनुपर्छ र समुदायमा जागरुकताको लागि अर्थपूर्ण कार्यक्रम सञ्चालन गरिनुपर्छ।<br>• सीमान्तकृत समूहहरूको अर्थपूर्ण सहभागिता हुनुपर्छ।<br>• दाइजो प्रथाको अन्त्य गर्नुपर्छ भने दाइजोको सट्टा महिलाहरूलाई शिक्षित र सशक्त बनाउन शिप र क्षमता अभिवृद्धि गर्नुपर्छ। | नगरपालिका, समुदाय, अस्पताल र वकिलहरूको प्रशासन।<br>सम्बन्धित संस्थाहरू<br>स्थानीय/प्रान्तीय/संघीय सरकारहरू, अदालतहरू र वकिलहरू, अधिकारकर्मीहरू, सामाजिक कार्यकर्ताहरू |
| शासन, जवाफदेहिता र सार्वजनिक सेवा प्रवाह प्रभावकारीतामा कमी | • पारदर्शिता, बजेट विनियोजनमा स्थानीय नागरिकको अनिवार्य सहभागिता, सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिनुपर्छ, र भ्रष्टाचार नियमन गर्ने निकायहरूले तटस्थ रूपमा काम गर्नुपर्छ। | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, स्थानीय सरकार, नागरिक समाज, युवा सञ्जाल |

| मुद्दाहरु | मागहरु | जिम्मेवार निकाय |
|---|---|---|
| | • नीति निर्माण र योजना छनौट प्रक्रियामा जनताको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ । प्रतिक्रिया सङ्कलन र समान, अर्थपूर्ण र समावेशी सहभागिता हुनुपर्छ।<br>• कर्मचारीहरूको नियुक्तिमा राजनीतिक हस्तक्षेप नातावाद/कृपावाद र पक्षपातको अन्त्य हुनुपर्छ । सेवा प्रवाहको लागि अयोग्य व्यक्ति नियुक्ति भएमा सोतह पदच्यूत हुनुपर्छ । | नागरिक समाज, स्थानीय सरोकारवालाहरू<br>संघीय सरकार, लोक सेवा आयोग, निजी क्षेत्र र स्थानीय सरकार |
| कृषिको बजारीकरणको कमी, जलवायु र वातावरणमा ह्रास | • कुनै पनि कृषि वस्तुहरूको खरिदमा करमुक्त आयात र किसानहरूको लागि पहुँचयोग्य बनाउनुपर्छ।<br>• थोपा सिँचाइ र सिँचाइ हरितगृहहरू व्यवस्थापन गरिनुपर्छ।<br>• कुनै पनि योजना तथा विकास निर्माणको कार्यलाई जलवायुमैत्री विकास र जलवायु न्यायको सिद्धान्तबाट आत्मसात गर्दै EIA र IEA को मार्फतबाट मुल्याङ्कन र अनुगमन हुनुपर्छ। | कृषि मन्त्रालय, अर्थतन्त्र तथा वाणिज्य मन्त्रालय, प्रदेश र स्थानीय सरकार<br>स्थानीय सरकारको कृषि विभाग, प्रदेश कृषि मन्त्रालय, कृषि ज्ञान केन्द्र<br>स्थानीय/प्रदेश/संघीय सरकार, समुदायका मानिसहरू |
| समावेशी पूर्वाधार र विकासको अपर्याप्ता | • सम्पूर्ण स्थानमा सफा र सुरक्षित पिउने पानीको उपलब्धता हुनुपर्छ।<br>• युवाहरूलाई शारीरिक गतिविधिमा संलग्न गराउनुपर्छ भने खेल मैदान जस्ता खेलकुद पूर्वाधारको व्यवस्था गर्नुपर्छ साथै रंगशाला निर्माण गर्नुपर्छ ।<br>• समावेशी, अपाङ्गता भएकाका लागि र बालमैत्री पूर्वाधार निर्माण गरिनुपर्छ। | स्थानीय सरकार, खानेपानी मन्त्रालय।<br>स्थानीय/प्रदेश/संघीय सरकारहरू<br>स्थानीय/प्रदेश/संघीय सरकारहरू |
| युवा सहभागिता र खेलकुद विकासमा अपर्याप्ता | • युवाका लागि अवसरहरूको बारेमा जानकारी प्रकाशन, स्थानीय/प्रादेशिक स्तरमा प्रत्येक योजना प्रक्रियामा ४०% युवा सहभागिता सुनिश्चित गरिनुपर्छ। युवाका लागि अवसर र सहभागिताको लागि डिजिटल सूचना माध्यममा सुनिश्चित गरिनुपर्छ।<br>• युवा तथा महिला लक्षित कार्यक्रमहरू र समावेशी बजेटको ग्यारेन्टी हुनुपर्छ।<br>• अनुभवमा आधारित रोजगारी सिर्जना, +२ का विद्यार्थीहरूका लागि इन्टर्नशिप सुनिश्चित गरिनुपर्छ, समुदायस्तरका युवाहरूका लागि सीप तालिम, र अनुदान र सजिलो ऋण प्रणाली मार्फत युवाहरूमा उद्यमशीलता विकास गर्न सहयोग गर्नुपर्छ। | संघीय/प्रादेशिक/स्थानीय सरकार, शैक्षिक संस्था, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरोकारवालाहरू<br>अर्थ मन्त्रालय, खेलकुद मन्त्रालय, स्थानीय/प्रान्तीय/संघीय सरकारहरू<br>श्रम विभाग, प्रधानमन्त्री रोजगार कार्यक्रम, र समाज कल्याण परिषद्<br>प्रादेशिक खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, स्थानीय सरकार, संघीय युवा तथा खेलकुद मन्त्रालय |
| डिजिटल सुरक्षा र सार्वजनिक सुरक्षाको बढ्दो चूनौती | • सरकारले समुदाय स्तरमा डिजिटल साक्षरता र पूर्वाधारको ग्यारेन्टी गर्नुपर्छ। यो आधारभूत तहदेखि विद्यार्थीहरूलाई सिकाउनुपर्छ।<br>• लियो साइबर सुरक्षा हुनुपर्छ। CIB विभागको बल थप्नुपर्छ। स्थानीय र प्रादेशिक स्तरमा ICT विभाग स्थापना गर्नुपर्छ।<br>• कडा सीमा सुरक्षा, सीसीटीभी प्रयोग, सीमामा बार लगाउने, सीमा सन्धि/नीति विकास र कार्यान्वयन गर्नुपर्छ, उपग्रहद्वारा सीमा निगरानी गर्नुपर्छ, र सीमा क्षेत्रमा सवारी साधनहरूको गति सीमा हुनुपर्छ। सीमापार विवादहरू कूटनीतिक रूपमा समाधान गर्नुपर्छ | संघीय/प्रदेश/स्थानीय तहका सरकारहरू, ECU (शिक्षा समन्वय इकाई), M/N/PABSON, विद्यालयहरू, शिक्षा बोर्डहरू, र ICT सेवा प्रदान गर्ने एजेन्सीहरू<br>स्थानीय/प्रदेश/संघीय सरकारहरू, सूचना तथा सञ्चार विभाग, साइबर ब्यूरो, सूचना तथा सञ्चार मन्त्रालय<br>संघीय सरकारहरू, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय, सीआईबी, एपीएफ र नेपाली सेना |

## च. राजनीतिक युवाहरुको मागहरु

| मुद्दाहरु | मागहरु | जिम्मेवार निकाय |
|---|---|---|
| राजनीतिक दलमा युवा सहभागिता र नेतृत्व हस्तान्तरण | • **अनिवार्य प्रतिनिधित्व:** राजनीतिक दलका हरेक तह (वडादेखि केन्द्रसम्म) का कार्यकारी समितिमा कम्तीमा ४०% युवा (१८–४० वर्ष) र तीमध्ये ५०% महिलाको अर्थपूर्ण सहभागिता विधानमै सुनिश्चित गरियोस। यदि ५०% महिला नपुगेको खण्डमा बाँकी सिट दलित, मुस्लिम र अल्पसंख्यक समुदायबाट क्रमानुसार राखियोस ।<br>• **नेतृत्व हस्तान्तरण:** पार्टीका प्रमुख पदहरूमा ६० वर्षे उमेर हद र एकै पदमा २ कार्यकालभन्दा बढी बस्न नपाउने (Term Limit) व्यवस्था लागू गरियोस।<br>• **टिकट वितरण:** उम्मेदवार छनोट गर्दा केन्द्रको लादिएको निर्णय नभई स्थानीय निर्वाचन क्षेत्रको सिफारिस र 'मेरिट' (योग्यता) लाई आधार बनाइयोस। | राजनीतिक दलका केन्द्रीय, प्रदेश र स्थानीय कमिटी, निर्वाचन आयोग |
| आर्थिक सुरक्षा, स्वरोजगार र वैदेशिक पलायन न्यूनीकरण | • **औद्योगिक विकास:** प्रति जिल्ला कम्तीमा १०० करोडको लगानीमा १००० देखि २००० स्थानीय युवाले रोजगारी पाउने गरी प्रदेश सरकारको नेतृत्वमा उद्योग सञ्चालन गरियोस।<br>• **सहुलियतपूर्ण कर्जा:** तालिमप्राप्त युवा र स्टार्टअपका लागि बिना धितो २० देखि ३० लाखसम्मको ऋण १% ब्याजदरमा उपलब्ध गराउन 'युवा स्वरोजगार कोष' (५ करोड प्रति पालिका) स्थापना गरियोस।<br>• **कृषि आधुनिकीकरण:** मधेसका १३६ वटै पालिकामा कोल्ड स्टोरेज र आधुनिक कृषि बजार निर्माण गरी उत्पादित वस्तुको 'न्यूनतम समर्थन मूल्य' तोकियोस। | प्रदेश सरकार (उद्योग र कृषि मन्त्रालय), स्थानीय सरकार, राष्ट्र बैंक र निजि क्षेत्र |
| राजनीतिक शिक्षा र संस्थागत नेतृत्व प्रशिक्षण | • **अनिवार्य स्कुलिङ:** दलहरूले युवाका लागि 'मासिक नेतृत्व विकास तथा राजनीतिक तालिम' अनिवार्य गरुन्, जहाँ विधान, नीति र प्रविधिबारे सिकाइयोस।<br>• **मेन्टरसिप:** वरिष्ठ नेताहरूको अनुभवलाई युवाको जोशसँग जोड्न संस्थागत 'मेन्टरसिप' (मार्गदर्शन) प्रणाली सुरु गरियोस।<br>• **क्षमतामा आधारित नियुक्ति:** राजनीतिक नियुक्तिका लागि 'मेरिट-बेस्ड डिजिटल डेटाबेस' तयार गरी पारदर्शी वितरण गरियोस। | राजनीतिक दलका प्रशिक्षण विभाग, युवा संगठन, नेपाल सरकारके तिनै तह |
| राजनीतिक शुद्धीकरण, नातावादको अन्त्य र स्वस्थ प्रतिस्पर्धा | • **वंशवाद अन्त्य:** 'एक व्यक्ति, एक पद' र 'एक परिवार, एक पद' को नीति कडाइका साथ लागू गरी अवसरको विकेन्द्रीकरण गरियोस।<br>• **उमेर हद:** दलको नेतृत्वदायी पद (अध्यक्ष/सभापति) मा ६० वर्षे उमेर हद र दुई कार्यकालको सीमा लागू गरियोस।<br>• **अवसरको समान वितरण:** पार्टीभित्रका अवसर र नियुक्तिका लागि 'योगदान र योग्यता' का आधारमा पारदर्शी डिजिटल डेटाबेस तयार गरियोस। | राजनीतिक दलहरू, नागरिक समाज |
| राजनीतिक स्वतन्त्रता र आलोचनात्मक चेतको संरक्षण | • **आलोचनाको अधिकार:** रचनात्मक आलोचना गर्ने युवालाई कारबाही गर्ने परिपाटी अन्त्य गरी विधानमा 'आन्तरिक लोकतन्त्र' र 'फरक मत' को सम्मान सुनिश्चित गरियोस। | सम्बन्धित राजनीतिक दल, पार्टी अनुशासन आयोग, शीर्ष नेतृत्व |

| मुद्दाहरु | मागहरु | जिम्मेवार निकाय |
| --- | --- | --- |
| | • **भ्रष्टाचार विरुद्ध संरक्षण:** पार्टीभित्रको भ्रष्टाचार विरुद्ध बोल्ने युवालाई 'ह्विसलब्लोअर' को रूपमा संरक्षण दिइयोस।<br>• **स्वतन्त्र निर्णय र 'ह्विप' को सीमितता :** पार्टीका आन्तरिक छलफल र नीति निर्माणका चरणहरूमा युवाहरूलाई कुनै पनि दबाब वा 'ह्विप' बिना आफ्नो स्वतन्त्र विवेक प्रयोग गर्न दिइयोस। युवा संगठनका निर्णयहरूमा माथिल्लो कमिटीको हस्तक्षेप बन्द गरी उनीहरूलाई स्वायत्त रूपमा एजेन्डा तय गर्ने अधिकार प्रदान गरियोस। | सम्बन्धित राजनीतिक दल, पार्टी अनुशासन आयोग, शीर्ष नेतृत्व |
| सामाजिक-पारिवारिक समर्थन र सकारात्मक छवि | • **अभिभावक सचेतना र सामाजिक संवाद:** स्थानीय तहले राजनीति 'स्वच्छ सेवा' र 'नीति निर्माणको माध्यम' हो भन्ने बुझाउन अभिभावक, शिक्षक र समुदायका अगुवाहरूका लागि 'सकारात्मक राजनीति र युवा नेतृत्व' अभियान सञ्चालन गरोस। कुलत र कुरीति विरुद्ध युवा नेतृत्व: लागुऔषध, दाइजो र बालविवाह जस्ता सामाजिक कुरीति विरुद्ध युवा नेतृत्वमा सञ्चालन हुने सडक नाटक, घरदैलो र सचेतना कार्यक्रमहरूलाई स्थानीय सरकारले वार्षिक बजेट र प्रशासनिक सहयोग मार्फत अनिवार्य प्रवर्द्धन गरोस।<br>• **राजनीतिक सक्रियतासँगै आत्मनिर्भरता प्याकेज (नयाँ माग):** राजनीतिमा लाग्ने युवाहरू आर्थिक रूपमा परिवारमा बोझ नबनून् भन्नका लागि उनीहरूको योग्यता अनुसार सीपमूलक तालिम र व्यावसायिक अवसरहरूमा प्राथमिकता दिइयोस्। राजनीति 'पेसा' नभई 'स्वयम्सेवा' हो भन्ने स्थापित गर्न युवाहरूलाई उत्पादनशील कार्यमा जोड्ने विशेष कार्यक्रम स्थानीय सरकारले ल्याओस। | स्थानीय तह (पालिका), प्रहरी प्रशासन, सामाजिक संघसंस्था |
| मर्यादित युवा परिचालन र स्वच्छ निर्वाचन | • **डिजिटल पारदर्शिता:** निर्वाचन खर्च १००% डिजिटल (बैंकिङ) माध्यमबाट मात्र गर्नुपर्ने र यसको सार्वजनिक अडिट हुनुपर्ने व्यवस्था निर्वाचन आयोगले गरोस।<br>• **नागरिक निगरानी:** वडा स्तरमा युवाहरूको नेतृत्वमा 'चुनावी खर्च र आचारसंहिता निगरानी समूह' गठन गरियोस।<br>• **सूचनाको हक:** स्थानीय सरकारका सबै निर्णय र बजेट माइकिङ, अनलाइन र मिडियाबाट शतप्रतिशत पारदर्शी बनाइयोस। | निर्वाचन आयोग, स्थानीय सरकार, सूचना आयोग, नागरिक समाज, मेडिया |
| सामाजिक न्याय, समावेशीकरण र वातावरणीय दिगोपना | • **कुरीति विरुद्ध कडा नीति:** दाइजो लिने/दिने जनप्रतिनिधि वा कार्यकर्तालाई तत्काल पदबाट निष्कासन गरियोस्। दाइजो मुक्त वडालाई विशेष 'प्रोत्साहन बजेट' दिइयोस।<br>• **वातावरणीय न्याय:** 'एक व्यक्ति, १० बिरुवा' कार्यक्रम र 'जन्मदिनमा वृक्षारोपण' अभियानलाई वडा स्तरमा अनिवार्य गरी 'चुरे संरक्षण निगरानी समूह' बनाइयोस।<br>• **समावेशी कोटा:** दलित, मुस्लिम र सीमान्तकृत युवाका लागि पार्टी र सरकारका कार्यक्रममा विशेष आरक्षण सुनिश्चित गरियोस। | मधेस सरकार, वन कार्यालय, सुरक्षा निकाय, सबै राजनीतिक दल र मेडिया |

## छ. युवा प्रतिबद्धता

हामी मधेस प्रदेशका युवा प्रतिनिधिहरू यी मागहरू पूरा गराउन राजनीतिक दल, सरकार तथा सम्बन्धित निकायहरुसँग निरन्तर वकालत, रचनात्मक संवाद र आवश्यक्ता अनुसार शान्तिपूर्ण लोकतान्त्रिक खबरदारीका कार्यक्रमहरू जारी राख्ने प्रतिवद्धता गर्दछौं।

हामीले प्रस्तुत गरेका मागहरुलाई यथोचित सम्बोधन गर्नको लागि हामी सडकबाट निगरानीकर्ताका रूपमा सक्रिय रहनेछौं र सरकारका काम-काजहरुलाई नागरिक स्तरबाट मूल्यांकन गर्नेछौं। मधेशलाई आर्थिक रूपमा आत्मनिर्भर, सामाजिक र राजनीतिक रूपमा समावेशी तथा प्रभावकारी बनाउन यो 'मागपत्र' एक कोशेढुंगाको रूपमा स्थापित हुनेछ भन्नेमा विश्वस्त छौं।

यस मागपत्रलाई संघीय/प्रदेश/स्थानिय सरकारले आफ्ना नीति निर्माणतहमा यथोचित सम्बोधन गर्नका लागि सहयोगी दस्तावेज रहने हुँदा यसको सही कार्यान्वयनको अपेक्षाकृत समेत छौँ ।

## ज. अनुमोदन

यस मागपत्रलाई समर्थन गर्ने हामी तपसिलका गैर राजनीतिक युवा प्रतिनिधिहरू, पालिका, जिल्ला र राजनीतिक दलका प्रतिनिधिहरुको तर्फबाट संयुक्त रूपमा अनुमोदन गर्दछौं।

**मिति:** २०८२ माघ २९

**स्थान:** जनकपुर, धनुषा

| S.No. | Name and Surname | District | Signature |
|---|---|---|---|
| 1 | Nishant Kumar Jha | Mahottari | |
| 2. | Anjana ku. Shrestha | Sarlahi | |
| 3. | Om prakash Yadav | Saptari | |
| 4. | Madhav Sah teli | Parsa | |
| 5 | Puja Kushwaha | Bara | |
| 6 | Binita Mahato | Dhanusha | |
| 7 | Roshani sah | Dhanusha | |
| 8 | Ganesh sharma | Dhanusha | |
| (9) | Bipul kumar kushwaha | Sarlahi | |
| 10 | Roshan kumar mahato | Dhanusha | |
| 11 | Akhtar Rein | Dhanusha | |
| 12 | Arshad Husain Siddiki | Dhanusha | |
| 13. | Bajrangi kushwaha | Sarlahi | |
| 14. | Binda kumari Yadav | Saptari | |
| 15 | Gaytri kumari | Rautahat | |
| 16. | Anrud Kumar Mahato | Mahottari | |
| 17. | Avijit kumar Ram | Bara | |

| S.No. | Name and Surname | District | Signature |
|---|---|---|---|
| 18 | Amit kumar Sahani | Rautahat | |
| 19 | Jyoti kumari | Dhanusha | |
| 20 | Gunjan Kumari Yadav | Mahottari | |
| 21 | Hemanti Kumari Majhi | Bara | |
| 22 | Sabima Kumari yadav | Rautahat | |
| 23 | Anjali Yadav | Saptari | |
| 24 | Pooja. K. Paswan | Bara | |
| 25 | Diwakar Uprety | Dhanusha | |

| क्र.म | नाम | पालिका, जिल्ला | हस्ताक्षर |
|---|---|---|---|
| १. | सोनिरजन | राजविराज, सप्तरी | |
| २. | रेखा देवि मण्डल | राजविराज, सप्तरी | |
| ३. | मनिष चौधरी | पर्सा | |
| ४. | रिता रिजाल | जितपुर सिमरा बारा | |
| ५. | सुनिता कुमारी राम | देवताल, बारा | |
| ६. | मुस्ति सहनी | देवताल, बारा | |
| ७. | राजु कुमार श्रीवास्तव | रौतहट | |
| ८. | राज नारायण पटेल | रौतहट | |
| ९. | कुलदिप दास | धनुषा | |
| १०. | धिरज मणि पासवान | महोत्तरी | |
| ११. | रमेश महतो | धनुषा / जनकपुर | |
| १२. | धर्मेन्द्र साह | जलेश्वर-२ महोत्तरी | |
| १३. | ईद मोहम्मद साफी (जानी बाबु) | जनकपुर-५ | |
| १४. | दिपेन्द्र मण्डेशी | गलेश्वर-७ अरजा | |

| क्र.म | नाम | पालिका, जिल्ला | हस्ताक्षर |
|---|---|---|---|
| १५. | सरिता कुशवाहा | बर्दिबास, महोत्तरी | |
| १६. | सुरज थापा | लालबन्दी, सर्लाही | |
| १७. | दिपक कु. ठाकुर | जनकपुरधाम (धनुषा) | |
| १८. | जितेन्द्र कु. राम | बरहथवा, सर्लाही | |
| १९. | जितेन्द्र कु सिंह (जितु) | जलेश्वर महोत्तरी | |
| २०. | रोहित तिवारी | जलेश्वर, महोत्तरी | |
| २१. | खड्ग राज थापा | लालबन्दी, सर्लाही | |
| २२. | कृष्ण कु. चौधरी | बरहथवा, सर्लाही | |
| २३. | संतोष कु. भोक्ता | एकडारा-२ महोत्तरी | |
| २४. | दिप्ती कु. ठाकुर | जलेश्वर / महोत्तरी | |
| २५. | ज्योति कुमारी ठाकुर | जनकपुर-१० धनुषा | |
| २६. | गुन्जन कुमारी यादव | बर्दिबास मा-११, महोत्तरी | |
| २७. | ममता कुमारी | Mahottari | |
| २८. | प्रमोद कुमार ठाकुर | | |
| २९. | कमलेश कु | | |
| ३०. | राम कुमारी यादव | कल्याणपुर, सिरहा | |
| ३१. | आबिद हुसैन | विदेह-०२, धनुषा | |
| ३२. | राजेश पासवान | वृन्दावन-०२ रौतहट | |
| | | | |

Kayapalat

An Effort for change

मानव अधिकार, लोकतन्त्र, जलवायु न्याय, गुणस्तर शिक्षा र सुशासनका निम्ति

# कायापलट

जनकपुरधाम उपमहानगरपालिका -०४,
जनकपुरधाम, धनुषा, मधेस प्रदेश
फोन नं. ९८४८७६९८०९
इमेल : kayapalat.nepal@gmail.com
वेबसाईट : www.kayapalat.org.np